कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः१००
सोमबार,७ मंसिर २०८३
(Monday, 23 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

kalpristhanews.com
राष्ट्रिय दैनिक
'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा
हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

थारू लेहङ्गाको बढ्दो माग सँगै चम्किँदै गिताको उद्यमशिलता

बिमला चौधरी
बाँके, ६ मंसिर

सिलाइ मेसिनको घर्घर आवाज। छेउछाउमा थुप्रिएका रंगीचंगी कपडा। टेबुलभरी छरिएका लेस, झुम्का र विभिन्न सामग्री। एउटा लेहङ्गा तयार हुँदै गर्दा अर्काको नाप लिन हतार हुन्छ। कसैले कपडा काटिरहेका त कसैले चोलिया सिलाइरहेका देखिन्छन्। राप्ती सोनारी गाउँपालिका-४ बैजापुर चोकस्थित गिता टेलरिङ सेन्टरमा यतिबेला यस्तै दृश्य देखिन्छ। पर्व र बिवाहको मौसम नजिकिएसँगै यहाँ कामको चापपनि बढेको छ। विशेषगरी थारू समुदायको मौलिक पहिरन लेहङ्गा-चोलियाको माग बढेपछि सञ्चालक गिता चौधरीलाई एकछिन पनि फुर्सद छैन।

राप्ती सोनारी-३ की ३४ वर्षीया गिता बिहान सबैरै सिलाइ मेसिन समाउँछिन् र राती अबेरसम्म त्यही मेसिनसँगै हुन्छिन्। कामको चाप यति धेरै हुन्छ, कि कहिलेकाहीं खाना खानसमेत बिर्सिन्छिन्। 'राती २ बजे सुत्छु, बिहान ४ बजे फेरि लेहङ्गा सिलाउन उठिहाल्छु,' उनी भन्छिन्, 'आरामको त कुरै छैन, सधैं हतारमै खान्छु, कामको चापले कहिलेकाहीं खाना खान पनि बिर्सिन्छु।'

कृष्ण जन्माष्टमीसँगै थारू महिलाले मनाउने अष्टिम्की पर्वका लागि उनले करिव दुई दर्जन लेहङ्गाको अर्डर भर्खर पूरा गरिन्। अष्टिम्की पर्व सकिएलगत्तै दशैंका लागि अर्डर आउन थालेका छन्। तीजका लुगा सिलाउने चापसँगै थारू लेहङ्गाको माग बढेपछि उनको टेलरिङ सेन्टरमा अहिले भ्याइ-नभ्याई छ। 'अन्य सिजनमा कुर्ता सुरुवाल, ब्लाउज, पेटीकोट, मेक्सी लगायतका लुगा सिलाउँछु, तर अष्टिम्की, दशैं, माघी र थारू समुदायको विवाहको सिजन (फागुन)मा लेहङ्गा सिलाउने चटारो हुन्छ,' गिता सुनाउँछिन्।



गिताको यो व्यस्तता एकै दिनमा आएको होइन। करिव १४ वर्षअघि उनले एक वर्षे सिलाइ-कटाई तालिम लिएकी थिइन्। तालिमपछि सीपलाई व्यवसायमा परिणत गर्ने सोच बनाइन्। त्यसपछि सुरु भयो सिलाइको यात्रा। सुरुवातमा सामान्य कपडा सिलाउँदै आएकी गिताले बिस्तारै आफ्नो सीप फराकिलो बनाइन्। अहिले कोटबाहेक प्रायः सबै प्रकारका कपडा सिलाउन सक्ने उनी भन्छिन्। तर, पछिल्लो पाँच वर्षयता भने उनको मुख्य पहिचान नै थारू लेहङ्गा सिलाउने उद्यमीका रूपमा बनेको छ।

> राप्ती सोनारी-३ की ३४ वर्षीया गिता बिहान सबेरै सिलाइ मेसिन समाउँछिन् र राती अबेरसम्म त्यही मेसिनसँगै हुन्छिन् । कामको चाप यति धेरै हुन्छ, कि कहिलेकाहीं खाना खानसमेत बिर्सिन्छिन् ।

'सिलाउन त कोटबाहेक सबै आउँछ, तर बढी मात्रामा थारू लेहङ्गा नै सिलाउँदै आएकी छु,' उनी भन्छिन्। थारू समुदायका पर्व र बिवाहमा मौलिक पहिरनको प्रयोग बढ्दै गएपछि गिताको सीपले पनि नयाँ बजार पाएको छ। पहिले गाउँ र आसपासका ग्राहकमा सीमित उनको व्यवसाय अहिले सामाजिक सञ्जालका कारण देशका विभिन्न जिल्लासम्म पुगेको छ।

कुनै समय ग्राहकको घरदैलो वा चिनजानका भरमा चल्ने व्यवसाय अहिले डिजिटल माध्यमबाट देशका विभिन्न ठाउँमा पुग्न थालेको छ। गिताको अनुभव पनि त्यसकै उदाहरण हो। उनका अनुसार टिकटक र फेसबुकमा आफूले बनाएका लेहङ्गाका डिजाइन देखेपछि विभिन्न जिल्लाबाट अर्डर आउने गरेका छन्। 'टिकटक र फेसबुकमा देखेर बाँकेसँगै बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेत, दाङ, कपिलवस्तु र नवलपरासीबाट पनि अर्डर आउँछन्, माग पूरा गर्न भ्याइनभ्याई छ,' उनी भन्छिन्।

बाँकी ३ पृष्ठमा

दसौँ राष्ट्रिय खेलकुदको तयारी अन्तिम चरणमा

कालपृष्ठ समाचारदाता
सुर्खेत, ६ मंसिर

बहुप्रतीक्षित दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ। कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरस्थित कर्णाली प्रदेश रङ्गशालामा 'मुकाम' राखेर तयारी समितिका बैठकहरू चलिरहेका छन्।

दसौँ राष्ट्रिय खेलकुदलाई भव्यतापूर्वक सफल बनाउन सिङ्गो कर्णाली प्रदेश सरकार व्यवस्थापनमा जुटेको छ। कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाही विभिन्न बैठकमा सहभागी हुने, छलफल गर्ने र प्रतियोगितालाई व्यवस्थित बनाउने ध्याउन्नमा केन्द्रित हुनुभएको छ।

प्रतियोगिताको मिति नजिकिएसँगै सुर्खेत आउने अतिथि, खेलाडी, प्रशिक्षक, अफिसियल, दर्शकलगायत खेलप्रेमीको स्वागतार्थ विभिन्न स्थानमा स्वागतद्वार निर्माण गर्न थालिएको छ। वीरेन्द्रनगरका बजार क्षेत्रमा दसौँ राष्ट्रिय खेलकुदको प्रचारप्रसारका लागि माइकिङ भइरहेको छ।

घरेलु खेलकुद सबैभन्दा ठूलो प्रतियोगिताको औपचारिक उद्घाटन यही मङ्सिर १६ गते सुर्खेतको वीरेन्द्रनगरस्थित कर्णाली प्रदेश रङ्गशालामा हुने तय भए पनि मुख्य खेलहरू यही मङ्सिर ८ गतेदेखि सुरु हुँदैछन्। यतिबेला खेलकुदको 'महाकुम्भ' दसौँ राष्ट्रिय खेलकुदको व्यग्र प्रतीक्षा सुरु भएको छ। राष्ट्रिय खेलकुद नवौँ संस्करण यसअघि २०७९ साल कात्तिकमा गण्डकी प्रदेशको पोखरामा सम्पन्न भएको थियो।

प्रतियोगिता नजिकिएसँगै विदेशमा रहेका खेडाली स्वदेश फर्कन थालेका छन्।

बाँकी ३ पृष्ठमा

आवश्यकता सम्बन्धी सूचना !सूचना

प्रकाशित मिति : २०८३/०७/१९

यस शिखर ग्रुप अफ इण्डष्ट्रिज अन्तर्गत गणपति डोर एण्ड प्लाईबोर्ड इण्डष्ट्रिज प्रा.लि., कोहलपुर-१४ पार्वतिपुरको लागी तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको योग्यता पुगेका इच्छुक व्यक्तिहरूले तलको ठेगानामा आवेदन पेश गर्न हुन जानकारी गराइन्छ ।

क्र.सं	पद	संख्या	कामको जिम्मेवारी	आवश्यक योग्यता	उमेर
०१	ईलेक्ट्रिसियन/मोटर वाईन्डिङ प्राविधिक (Electrician/ Motor winding Tchnician)	१ जना	● ८ औद्योगिक मोटर वाईन्डिङ, मर्मत तथा सर्भिसिङ गर्ने । ● कारखाना मेसिन तथा उपकरणहरूको विद्युतीय मर्मत सम्भार र समस्या समाधान गर्ने । ● थ्री-फेज मोटर, इलेक्ट्रिकल् प्यानल, स्टार्टर तथा वायरिङ सम्बन्धी काम गर्ने । ● नियमित प्रिभेन्टिभ मेन्टेनेन्स गर्ने तथा विद्युतीय समस्या आएमा तत्काल समाधान गर्ने ।	● सम्बन्धित क्षेत्रमा कम्तीमा २-३ वर्षको कार्य अनुभव भएकोलाई प्राथमिकता दिनेछ । ● औद्योगिक विद्युतीय प्रणाली तथा मोटर वाइनडिङ सम्बन्धी व्यावहारिक ज्ञान भएको हुनुपर्नेछ । ● उत्पादनमूलक उद्योगमा काम गरेको अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।	२५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

कार्यस्थल : मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि औद्योगिक क्षेत्र, नेपालगंज बाँके
तलब : उम्मेदवारको अनुभव तथा क्षमता अनुसार आपसी सहमतिमा निर्धारण गरिने छ ।
आवश्यक पर्ने कागजातहरू
- व्यक्तिगत विवरण (CV)
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- शैक्षिक प्रमाण पत्रको प्रतिलिपी
- अनुभवको प्रमाणपत्रको प्रतिलिपी

आवेदन बुझाउने ठेगाना
मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि.
औद्योगिक क्षेत्र, नेपालगंज बाँके

थप जानकारीको लागि सम्पर्क नम्बर ९८०१५४७०१७

बाल अधिकारको रक्षा गरौं

- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बाल- बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

सम्पादकीय

नेपाली प्रिमियर लिगले दिएको नयाँ सन्देश

नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणले नेपाली क्रिकेटमा एउटा सुखद सन्देश दिएको छ, त्यो हो निरन्तरको प्रयास, धैर्य र असफलताबाट सिक्ने क्षमताले अन्ततः सफलताको शिखरमा पुग्न सकिन्छ । लगातार तेस्रो पटक फाइनलमा पुगेको सुदूरपश्चिम रोयल्सले यसपटक उपाधि जित्दै लामो समयदेखिको प्रतीक्षालाई अन्त्य गरेको छ । अघिल्ला दुई संस्करणमा फाइनल पुगेर पनि उपविजेतामै सीमित हुनुपरेको सुदूरपश्चिमले यसपटक लुम्बिनी लायन्सलाई १० विकेटले पराजित गर्दै ऐतिहासिक सफलता हासिल गरेको छ ।

सुदूरपश्चिमको यो जित केवल एउटा प्रतियोगिताको उपाधि जित्नु मात्र होइन, अघिल्ला दुई फाइनलको पीडा र निराशालाई शक्तिमा बदल्न सक्नुको परिणाम पनि हो । पहिलो र दोस्रो संस्करणमा क्रमशः पाँच र छ विकेटले पराजित भएको टोलीले तेस्रो प्रयासमा उपाधि उचाल्नु नेपाली खेलकुदमा प्रेरणादायी उदाहरण बनेको छ । यसले असफलता अन्त्य होइन, सफलताका लागि थप तयारी र दृढताको अवसर हो भन्ने सन्देश दिएको छ ।

फाइनलमा सुदूरपश्चिमको जितका नायक बने जर्ज मुन्से । उनले ६२ बलमा अविजित १२६ रनको विस्फोटक पारी खेल्दै टोलीलाई सहज जित दिलाए । आठ चौका र १२ छक्का प्रहार गरेका मुन्सेले लुम्बिनीका बलरलाई कुनै अवसर दिएनन । अर्का ओपनर विनोद भण्डारीले अविजित ३० रनको योगदान दिएपछि सुदूरपश्चिमले १५६ रनको लक्ष्य १३.३ ओभरमै बिना विकेटको क्षतिमा हासिल गरेको थियो । फाइनलजस्तो दबाबपूर्ण खेलमा मुन्सेले देखाएको आत्मविश्वास, आक्रामकता र संयमले खेलको दिशा एकतर्फी बनाइदियो ।

विशेष कुरा के छ भने प्रतियोगिताका अघिल्ला निर्णायक खेलमा अपेक्षाअनुसार प्रदर्शन गर्न नसकेका मुन्सेले फाइनलमा आफ्नो क्षमता प्रमाणित गरे । क्वालिफायर-१ मा शून्य र क्वालिफायर-२ मा आठ रनमा आउट भएका उनी उपाधि भिडन्तमा भने शतकीय इनिङसहित चम्किए । यसले खेलाडीको वास्तविक क्षमता एउटा वा दुई खेलको प्रदर्शनबाट मात्र मूल्याङ्कन गर्न नहुने तथ्य पनि स्थापित गरेको छ ।

यो नतिजाले एनपीएलको प्रतिस्पर्धात्मक स्वरूपलाई समेत उजागर गरेको छ । कुनै पनि टोलीका लागि अघिल्लो सफलताको निरन्तरता कायम राख्नु चुनौतीपूर्ण हुन्छ । साविक विजेता लुम्बिनीको उपाधि रक्षा असफल हुनु र दुई पटकको उपविजेता सुदूरपश्चिम च्याम्पियन बन्नुले खेलकुदमा विगतको उपलब्धिभन्दा वर्तमानको तयारी र प्रदर्शन महत्वपूर्ण हुने पुष्टि गरेको छ ।

एनपीएलको सफलता अब उपाधि कसले जित्यो भन्नेमा मात्र सीमित हुनुहुँदैन । नेपाली क्रिकेटको विकास, स्थानीय खेलाडीको क्षमता अभिवृद्धि, युवा प्रतिभाको पहिचान र अन्तर्राष्ट्रिय स्तरको अनुभव हासिल गर्ने अवसरका रूपमा पनि प्रतियोगितालाई लिनुपर्छ । विदेशी खेलाडीको अनुभव र नेपाली खेलाडीको प्रतिभाबीचको सहकार्यले राष्ट्रिय क्रिकेटलाई थप प्रतिस्पर्धी बनाउन सक्छ । तर यसका लागि प्रतियोगितामा देखिएको उत्साहलाई दीर्घकालीन क्रिकेट विकाससँग जोड्न आवश्यक छ ।

सुदूरपश्चिमको उपाधि यात्राले एउटा महत्त्वपूर्ण पाठ सिकाएको छ, हारबाट विचलित नभई निरन्तर अघि बढ्ने टोली नै अन्ततः सफल हुन्छ । लगातार तीन पटक फाइनल पुग्नु आफैंमा ठूलो उपलब्धि थियो, तर यसपटक त्यसलाई उपाधिमा रूपान्तरण गरेर सुदूरपश्चिमले आफ्नो इतिहास पूरा गरेको छ । अब चुनौती यो सफलतालाई संयोगमा सीमित नराखी आगामी संस्करणमा पनि निरन्तरता दिनु हो । सुदूरपश्चिमको जितले नेपाली क्रिकेटमा नयाँ उत्साह थपेको छ ।

बाल सैनिकको न्याय विलम्ब



- अन्तर्राष्ट्रिय अभ्यास अनुसार युद्धमा बाल सैनिक प्रयोग गर्नु युद्ध अपराध
- माओवादी पक्षबाट बेला बेलामा बचाऊ, अस्वीकार र राजनीतिक तर्कवितर्कहरू गरिँदै
- वर्तमान सरकारको मुख्य कार्यसूची नै दण्डहीनताको अन्त्य र सुशासनको प्रत्याभूति
- सङ्क्रमणकालीन न्यायको वित्तीय व्यवस्थापनसमेत नयाँ ढङ्गबाट



डा. झमकप्रसाद शर्मा

नेपालको द्वन्द्वोत्तर न्याय सम्बन्धमा 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' मा अन्य कुराहरू सम्बोधन भए पनि माओवादी भूतपूर्व बाल सैनिकबारे सम्बोधन हुन नसकेको विषयमा बौद्धिक वृत्तमा विगतदेखि नै विभिन्न छलफल र बहस भइरहेको पाइन्छ। १८ वर्षमुनिका बालबालिकालाई युद्धमा प्रयोग गरेमा अन्तर्राष्ट्रिय कानुनले मानव अधिकारको गम्भीर उल्लङ्घन र दण्डनीय अपराध मान्दछ। बाल सैनिक सम्बन्धमा आकर्षित हुने अन्तर्राष्ट्रिय कानुनी दस्ताबेजहरू क्रमशः बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८९; बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रोटोकल, २००५; अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नम्बर १८२; जेनेभा महासन्धिहरू, १९४९ र तिनका थप प्रोटोकलहरू; पेरिस प्रतिबद्धताहरू, २००७ लगायतको नेपाल पक्षधर भइसकेकाले यी दस्ताबेजहरू नेपालको बाल सैनिक मुद्दामा सिधै आकर्षित हुन्छन्। ती अन्तर्राष्ट्रिय दस्ताबेजहरू नेपालको घरेलु कानुनसँग बाझिए भने पनि अन्तर्राष्ट्रिय कानुन नै मान्य हुन्छ।

अन्तर्राष्ट्रिय अभ्यास अनुसार युद्धमा बाल सैनिकहरू प्रयोग गर्नुलाई युद्ध अपराध ठहर गरिन्छ। कङ्गोमा बालबालिकालाई जबरजस्ती युद्धमा प्रयोग गरेबापत विद्रोही समूहका नेता थोमस लुबाङ्गा डियलोलाई सन् २०१२ मा त्यहाँको अदालतले १४ वर्ष कारावास सजाय दियो। युगान्डाका कुख्यात विद्रोही समूह 'लर्ड्स रेजिस्टेन्स आर्मी' का कमान्डर डामिनिक ओङ्वेनलाई सन् २०२१ मा २५ वर्षको कारावास सजाय तोकियो। सिएरा लियोनको गृहयुद्धमा बाल सैनिक प्रयोग गर्ने विभिन्न सशस्त्र समूहका कमान्डरलाई संयुक्त राष्ट्रसङ्घको पहलमा बनेको विशेष अदालतले १५ वर्षदेखि ५२ वर्षसम्मको कारावास सजाय सुनाइयो।

सर्वोच्च अदालतले २०८३ जेठ २९ मा रिट निवेदक लेनिन विष्ट र अन्य भएको एउटा मुद्दामा जनयुद्धमा प्रयोग गरिएका बाल सैनिकहरूको संरक्षण र अधिकारको सुनिश्चितताबारे सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेपछि नेपालको सङ्क्रमणकालीन न्याय तरङ्गित भएको छ। सो आदेशमा १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई सशस्त्र सेनामा भर्ना वा युद्धमा प्रयोग गरिएको कार्यलाई मानव अधिकारको गम्भीर उल्लङ्घन मानिएको छ। बाल सैनिक प्रयोग गरेर युद्ध अपराध गर्ने कमान्डरहरूलाई व्यक्तिगत जवाफदेही बनाउने र यससम्बन्धी अभियोजनको पाटो सङ्क्रमणकालीन न्यायको विषय भएकाले यो विषय सत्य निरूपण तथा मेलमिलाप आयोग (यसपछि टिआरसी भनिएको) मार्फत टुङ्गो लगाउनेसमेत भनी आदेश जारी भएको छ।

माओवादी पक्षको धारणा

१० बर्से सशस्त्र सङ्घर्षमा बालबालिकालाई सैनिकका रूपमा भर्ना गरिएको र प्रयोग गरिएको जवाफदेहिताबारे प्रश्न उठ्दा माओवादी पक्षबाट बेला बेलामा बचाऊ, अस्वीकार र राजनीतिक तर्कवितर्कहरू अगाडि सार्ने गरेको पाइन्छ। यो विषयलाई राज्यले सम्बोधन नगरेमा अन्तर्राष्ट्रियकरण हुने चर्चा चल्दाखेरि २०७९ सालतिरै माओवादी शीर्षस्थ नेतृत्वबाट "मलाई हेग अर्थात् अन्तर्राष्ट्रिय फौजदारी अदालतमा लगियो भने म झन् ठुलो हिरो भएर निस्कने छु, संसारले मलाई चिन्ने छ" भन्ने अभिव्यक्ति पनि आएको थियो। त्यो बेला मुलुकको सत्ता समीकरण माओवादीकै वरिपरि घुमिरहने गरेको अनि 'बाल सैनिक' भन्ने शब्द विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान वा हतियार अनुगमन सम्झौता जस्ता कुनै पनि आधिकारिक दस्ताबेजमा प्रयोग नभएकाले यो विषयको कानुनी अस्तित्व स्थापित हुन सक्दैन भन्ने तत्कालीन परिस्थितिजन्य राजनीतिक आत्मविश्वासको द्योतकका रूपमा पनि उक्त अभिव्यक्ति आएको अनुमान गर्न सकिन्छ।

बालबालिकालाई 'सैनिक' का रूपमा भर्ना गर्ने पार्टीको आधिकारिक नीति नभएकाले भर्ना नलिएको तर युद्धका क्रममा आमाबुवा गुमाएका, सहाराविहीन भएका अनाथ र राज्यपक्षको दमनबाट जोगिन आफैँ युद्ध मैदानमा आइपुगेका बालबालिकालाई मानवीय दायित्व अनुरूप संरक्षण र आश्रयसम्म दिएको हुनाले यो कार्यलाई बाल सैन्य भर्ना गरेको भन्न नहुने भनी माओवादीले भन्ने गरेको छ। साथै कतिपय बालबालिका पार्टीको विचार र क्रान्तिकारी गीतसङ्गीतबाट प्रेरित भई स्वेच्छाले सांस्कृतिक टोली, भान्से वा सन्देशवाहकका रूपमा आबद्ध हुन आएका तर उनीहरूलाई जबरजस्ती बन्दुक समात्न नलगाइएको हुँदा त्यस्ता सैनिकलाई 'बाल सैनिक' नभनेर संयुक्त राष्ट्रसङ्घीय मिसनको प्रमाणीकरणका क्रममा उमेर नपुगेका कारण 'अयोग्य' वा 'बहिर्गमित' लडाकु भन्नुपर्ने भन्ने दाबी पनि छ।

तथापि जनयुद्धकालमा अन्तर्राष्ट्रिय समुदायले बाल लडाकुबारे चर्को आपत्ति जनाएकै बेला माओवादी नेतृत्वले १८ वर्षमुनिका बालबालिकालाई सेनामा नलैजाने नीति कागजमा बनाए पनि व्यवहारमा लागु गर्न नसकिएको आफ्नो कमीकमजोरीलाई स्वीकार गरिसकेको छ। साथै विशाल जनमुक्ति सेना परिचालन गर्दा तल्लो तहका कमान्डर वा कार्यकर्ताले नीति उल्लङ्घन गरेर बालबालिका भर्ती गरेको रहेछ भने केन्द्रीय नेतृत्वको जानकारी र निर्देशनविपरीत भएको सो कार्यलाई शीर्ष नेतृत्वको दोष भन्न मिल्दैन भन्ने दाबी पनि गरिएको छ।

माओवादी नेतृत्वले शान्ति प्रक्रिया र द्वन्द्वकालीन सबै मुद्दा नियमित अदालत वा फौजदारी क्षेत्राधिकार नभएर टिआरसीको क्षेत्राधिकार आकर्षित हुने सङ्क्रमणकालीन न्यायको विषय भएकाले यसलाई नियमित अदालतमा लैजान खोजियो भने राजनीतिक प्रतिशोध मात्र हुन जाने भनी आएको पाइन्छ। क्षेत्राधिकारबारे हालैको सर्वोच्चको फैसलाको आशय पनि यस्तै छ। एकातिर यो विषय अब हेगबाट नभएर राज्यबाटै सम्बोधन हुने संयन्त्रको ढोका खुलेको छ भने अर्कातिर बालबालिका भर्ती गर्नु मानव अधिकारको गम्भीर उल्लङ्घन र युद्ध अपराध नै हो भन्ने ठहर गरिएको छ र 'सैनिक होइनन्' भन्ने माओवादीको एउटा तर्क अस्वीकृत भए तापनि यो मुद्दा टिआरसीको क्षेत्राधिकारभित्र पर्छ भन्ने माओवादीकै अर्को तर्कले भने मान्यता पाएको छ।

द्वन्द्वपीडितको धारणा

विगतमा पटक पटक माओवादीको पहलमा 'अयोग्य' सैनिकलाई केही राहत दिने असफल प्रयास भएका थिए। प्रतिव्यक्ति दुई लाख रुपियाँ दिने मिति २०६९।७।५ र २०७९।१२।६ का अलग अलग सरकारी निर्णय अदालतका अलग अलग आदेशबाट रोकिएका थिए। यो सन्दर्भमा माओवादी नेताहरूले आफ्ना पूर्वसैनिकको पुनर्स्थापनाको जिम्मेवारी राज्यकै हुँदाहुँदै पनि सो नगरेर राज्यबाट अन्याय भइरहेको भन्ने गरेका छन् तर मानव अधिकारवादी र द्वन्द्वपीडितहरू चाहिँ माओवादीको यो धारणा राहत र परिपूरणको राजनीति मात्र हो भन्ने टिप्पणी गर्छन्। उनीहरू माओवादीको तर्कमा युद्धकालीन परिस्थितिको केही व्यावहारिक यथार्थता अन्तरनिहित भए पनि अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र पीडितशास्त्रीय दृष्टिकोणबाट त्यो न्यायसङ्गत छैन भन्ने धारणा राख्छन्। १८ वर्षमुनिका बालबालिकालाई भान्से, भरिया वा सांस्कृतिक टोली वा जुनसुकै बहानामा युद्धमा प्रयोग गर्नु भनेको बन्दुक बोकाए सरहको 'युद्ध अपराध' नै हो र यसमा 'स्वेच्छाले आएका' वा 'तल्लो कमान्डको गल्ती' भनेर मुख्य नेतृत्व उम्किन मिल्दैन भन्छन्।

अबको बाटो

विगतमा पुराना राजनीतिक दलहरूले द्वन्द्वकालीन मुद्दालाई विलम्ब गर्दै थामथुम पारेर ढिलोचाँडो सजायबाट उन्मुक्ति दिने खालको रणनीति अवलम्बन गरिआएकामा २०८२ भदौको राजनीतिक परिवर्तनपछि अब त्यो स्थिति रहेन। वर्तमान सरकारको मुख्य कार्यसूची नै दण्डहीनताको अन्त्य र सुशासनको प्रत्याभूति हो। सङ्क्रमणकालीन न्याय प्रक्रिया हाल एउटा संवेदनशील मोडमा पुगी राज्यले पीडितको घाउमा मलम लगाउन नयाँ राजनीतिक इच्छाशक्ति देखाउने अनुकूल अवस्था सिर्जना भएकाले यो अवसरको सदुपयोग गर्दै विगतमा भैँ राजनीतिक दलहरूको 'सहमति र भागबन्डा' को अभ्यासलाई त्यागेर यसलाई पीडितमैत्री र अन्तर्राष्ट्रिय कानुनमैत्री बनाउनैपर्ने भएको छ। द्वन्द्वपीडितले आयोगहरूको साबिकको नियुक्ति प्रक्रियालाई राजनीतिक भागबन्डा भनेर असन्तुष्टि जनाएका अनि केही महिनापहिले अध्यादेशमार्फत आयुक्तहरू पदमुक्त हुँदा त्यसलाई सकारात्मक रूपमा लिएका र उनीहरूमा पीडितकेन्द्रित न्यायको नयाँ आशाको सञ्चार भएको सन्दर्भ पनि मननयोग्य छ। तथापि आयोगहरू हालसम्म पनि पदाधिकारीविहीन भएका कारणबाट सङ्क्रमणकालीन न्याय त अवरुद्ध भएकै छ, यही कारणले राष्ट्रसङ्घीय प्रस्तावित नेपाल भ्रमणसमेत स्थगित गर्नु परिरहेको छ। नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियालाई अन्तर्राष्ट्रिय समुदायले विशेष चासो लिई नजिकबाट हेरिरहेको महसुस हुन्छ। अब पनि द्वन्द्वोत्तर न्यायमा ढिलाइ गरियो भने नेपालको शान्ति प्रक्रिया द्वन्द्वपीडितहरू र अन्तर्राष्ट्रिय समुदाय दुवैमा अविश्वसनीय हुने छ। तसर्थ नेपाल सरकारले अब तत्कालै गर्नुपर्ने काम भनेको राजनीतिक प्रभावभन्दा माथि उठेका, निष्पक्ष, निर्भीक र योग्य आयुक्त नियुक्त गरी आयोगलाई पूर्णता दिने अनि सर्वोच्चको उक्त फैसलाको मर्म अनुरूप ऐन संशोधनार्थ संसद्मा विधेयक पठाउने नै हो।

सर्वोच्चको आदेशबमोजिम ऐन संशोधन भएपछि कमान्डर तहको जवाफदेहिताको सिद्धान्त आकर्षित हुन्छ, फलस्वरूप बाल सैनिक भर्ती गर्ने कमान्डरहरूले उन्मुक्ति पाउने अवस्था रहँदैन र यसअघि 'अयोग्य' घोषित चार हजार आठ जना पूर्वबाल सैनिकका हजारौँ नयाँ उजुरी आयोगमा थपिन जाने छन्। तत्पश्चात् आयोगबाट हुने छानबिनपश्चात् आयोगको प्रतिवेदन र सिफारिसका आधारमा कमान्डरहरूविरुद्ध अभियोजन हुन सक्छ। साथै सर्वोच्चको फैसला अनुसार पूर्वबाल सैनिकलाई उनीहरूको निःशुल्क शिक्षा, स्वास्थ्योपचार, मानसिक परामर्श र पूर्ण सामाजिक पुनर्स्थापनाको प्याकेजसहित लडाकु सरहको परिपूरणसमेत व्यवस्था गर्नुपर्ने हुन गई सो प्रयोजनार्थ सङ्क्रमणकालीन न्यायको वित्तीय व्यवस्थापनसमेत नयाँ ढङ्गबाट गर्नुपर्ने हुन्छ। -गोर खापत्र

थारू ...

थारू लेहङ्गाको बजार नेपालमा मात्रै सीमित छैन। जापान तथा युरोपका विभिन्न देशमा समेत लेहङ्गा पठाउने गरेको गिता बताउँछिन्। यसले उनको व्यवसायलाई स्थानीय टेलरिङबाट विस्तार गरेर एउटा विशिष्ट पहिरन उत्पादन गर्ने उद्यममा रूपान्तरण गरेको छ।

उनका अनुसार गतवर्ष माघीका लागि कपिलवस्तुबाट एकैपटक २६ वटा थारू लेहङ्गाको अर्डर आएको थियो। तर समय र जनशक्ति पर्याप्त नभएकाले समयमा सबै अर्डर पूरा गर्न सकिनन्। 'माघीपछि मात्रै त्यो अर्डर पूरा गरौं, अझैपनि विभिन्न ठाउँबाट आएका अर्डरअनुसार सिलाउने काम भइरहेको छ,' उनी सुनाउँछिन्। अझ रोचक कुरा त के छ भने थारू समुदाय बाहिरका महिलाले पनि अहिले लेहङ्गा मनपराउन थालेका छन्। विद्यालय तथा विभिन्न संस्थाबाट साँस्कृतिक नृत्यका लागि समेत लेहङ्गाको अर्डर आउने गरेको गिता बताउँछिन्। यसले थारू पहिरनको आकर्षण समुदायको सीमाभन्दा बाहिरसम्म बिस्तार भइरहेको देखाउँछ।

गिताले आफ्नो व्यवसायबाट आफू मात्र आत्मनिर्भर भएकी छैनन्, अरू महिलाका लागि पनि रोजगारीको बाटो खोलेकी छन्। गिता टेलरिङ सेन्टरमा अहिले १० जना महिलाले रोजगारी पाईरहेका छन्। उनीहरूलाई गिताले आफैं तालिम दिएर काम सिकाएकी हुन्। तर, थारू लेहङ्गा र चोलिया सिलाउने काम भने उनीसहित तीन जनाले मात्र गर्छन्। मागको तुलनामा जनशक्ति कम भएकाले उनीहरूलाई दिनरात खटिनुपरेको छ। 'पसलमा सिलाउन राखेका दुई जना बहिनीहरू सिक्ने क्रममै हुनुहुन्छ, त्यसैले मैले आफैं बढी मेहनत गर्नुपरिरहेको छ,' उनी भन्छिन्, 'उहाँहरू पनि म जत्तिकै रातदिन खटेर सिलाउन सक्ने भइसक्नुभएको भए काम गर्न अलि सहज हुने थियो।' दशैँदेखि फागुनसम्म थारू लेहङ्गाको माग अझ बढ्ने उनको अनुभव छ। दशैं, माघी र बिवाहको सिजनमा आउने अर्डरले व्यवसायलाई थप व्यस्त बनाउने गरेको छ।

मेहनत अनुसारको आम्दानी

गिताले एउटा थारू लेहङ्गा-चोलिया सेटको मूल्य गुणस्तर र आकारअनुसार चार हजारदेखि १० हजार रूपैयाँसम्म लिने गरेकी छन्। साना नानीहरूले लगाउने लेहङ्गा करिब ४ हजार रूपैयाँदेखि सुरु हुन्छ, भने ठूलो र डिजाइनअनुसारको लेहङ्गाको मूल्य १० हजार रूपैयाँसम्म पर्छ। एउटा लेहङ्गा तयार पार्न कपडा, लेस, झुम्का लगायतका सामग्रीमा मात्रै करिब ३ हजार रूपैयाँसम्म खर्च हुने उनी बताउँछिन्। एउटा पूर्ण सेट तयार गर्न दुईदेखि तीन दिनसम्म लाग्छ। 'मेहनत धेरै लाग्छ, तर लेहङ्गामै फाइदा पनि छ,' उनी भन्छिन्। लेहङ्गामा प्रयोग हुने कटैटी भने छुट्टै किन्नुपर्ने हुन्छ। त्यसका लागि काठमाडौं वा टिकापुरबाट अर्डर गरेर सामग्री मगाउने गरिएको उनी बताउँछिन्। व्यवसायको खर्च कटाएर थारू लेहङ्गाको सिजनमा मासिक डेढ लाख रूपैयाँसम्म आम्दानी हुने गिताको भनाइ छ। 'मेहनत अनुसारको आम्दानी हुँदा अझ धेरै मेहनत गर्ने जाँगर चल्छ,' उनी भन्छिन्।

सीप सिकाएर पनि आत्मनिर्भर बनाउँदै

गिताको व्यवसायको अर्को महत्वपूर्ण पाटो भनेको उनले अरू महिलालाई बाँडिरहेको सीप हो। आफूले सिकेको सीप आफैंमा सीमित नराखी उनले विभिन्न ठाउँमा पुगेर महिलालाई सिलाइ-कटाइको तालिम दिँदै आएकी छन्। उनको टेलरिङ सेन्टरमा पनि नियमित रूपमा सिलाइ सिक्न महिलाहरू आउने गरेका छन्। हालसम्म करिब दुई सय महिलालाई सिलाइ सम्बन्धी तालिम दिएको उनको अनुभव छ। 'कतिलाई तालिम दिएँ भन्ने एकिन छैन, विभिन्न संघ संस्थाबाट गाउँपालिकाका विभिन्न वडा र आफ्नै पसलमा गरेर सायद सयौं महिलालाई तालिम दिइसकैं,' उनी भन्छिन्। आर्थिक वर्ष २०८२/८३ मा मात्रै उनले नेपालगन्ज उपमहानगरपालिका, डुडुवा गाउँपालिका र राप्ती सोनारी गाउँपालिकाले सञ्चालन गरेका ३ वटा तालिममा प्रशिक्षकका रूपमा काम गरिन्। ती तालिममा 'बेसिक' देखि 'एडभान्स' तहसम्मका सिलाई सम्बन्धी सीप सिकाइएको उनले बताइन्।

उनले तालिम दिएका करिब १५ जना महिला राप्ती सोनारीका विभिन्न ठाउँमा अहिले आफैं सिलाइ व्यवसाय सञ्चालन गरिरहेका छन्। यसरी गिताको सिलाइ मेसिनबाट तयार हुने लुगा ग्राहकको शरीरमा सजिन मात्रै पुगेका छैनन्, उनले सिकाएको सीपले अरू महिलाको हातमा पनि रोजगारीको बाटो खोलेको छ।

स्वदेशमा राम्रो कमाई

सिलाइ व्यवसायमा लागेर गिता सन्तुष्ट छिन्। उनलाई आफ्नो निर्णयप्रति कुनै पछुतो छैन। 'घाममा, धुलोमाटोमा काम गर्न जानुपरेको छैन, मेहनत लागेपनि कमाइ राम्रै छ,' उनी भन्छिन्। आफूसँगैका कतिपय साथी विवाहपछि गृहिणी जीवन बिताइरहेको र कतिपय विदेश गएको बताउने गिता भने आफ्नै देशमा बसेर मेहनत गर्नुलाई उपलब्धिका रूपमा लिन्छिन्। 'साथीहरू कोही विदेश जानुभयो, कोही घरकै काममा ब्यस्त हुनुहुन्छ, म भने स्वदेशमै दुःख गरेर विदेश बराबरको कमाई गर्न सफल भएकी छु, त्यसैले आफ्नो कामप्रति कुनै पछुतो छैन,' उनी भन्छिन्। गिताको टेलरिङ सेन्टरमा आज बजिरहेको सिलाइ मेसिनको आवाज उनको व्यक्तिगत आम्दानीको मात्र कथा होइन। त्यो आवाज एउटा महिलाले सीपलाई व्यवसायमा बदल्दा कसरी आफ्नै खुट्टामा उभिन सक्छिन् भन्ने उदाहरण पनि हो।

थारू समुदायको मौलिक पहिरनप्रतिको बढ्दो आकर्षणले गितालाई बजार दिएको छ। उनले त्यस अवसरलाई आफ्नो सीप, मेहनत र उद्यमशीलतासँग जोडेर व्यवसायमा परिणत गरेकी छन्। अझ महत्वपूर्ण कुरा, उनले आफ्नो सफलताको बाटोमा अरू महिलालाई पनि सँगसँगै हिँडाएकी छन्। कुनै समय एक वर्षको सिलाइ तालिम लिएर सुरु भएको उनको यात्रा आज आफ्नै व्यवसाय, १० जनाको रोजगारी, सयौं महिलालाई सीप र मासिक लाखौंको कारोबारसम्म पुगेको छ। अब दशैं नजिकिँदै छ। अर्डरको चाङ बढ्दैछ। थकान उस्तै छ। कामको चापले राती पनि सुत्न पाईंदैन, तर उनको अनुहारमा भने सन्तुष्टी छ। किनकी उनले बुझेकी छिन् सीपले हातलाई मात्रै व्यस्त बनाउँदैन, हातमा सीप भएपछि त्यही हातले आफ्नै भविष्य पनि सिल्न सक्छ।

दसौं ...

कतिपय खेलाडी बन्द प्रक्षिणमा जुटिसकेका छन्। दसौं राष्ट्रिय खेलकुदमा ३२ खेलका ३८४ इभेन्ट्स समावेश छन्। प्रतियोगिताका खेल सात जिल्लामा सञ्चालन हुनेछन्।

सुर्खेतमा मात्रै २३ खेल आयोजना हुनेछन् भने लुम्बिनी प्रदेशको नेपालगन्ज र बर्दिया तथा कर्णालीको सल्यानमा समान दुई तथा दैलेख, कालीकोट र पश्चिम रुकुममा समान एक खेल हुनेछन्।

कर्णालीका मुख्यमन्त्री शाही प्रतियोगिताका लागि पूर्वाधार निर्माण सम्पन्न भइसकेको र खेलका लागि तयारी अवस्थामा रहेको बताउनुहुन्छ। "पूर्वाधार सामान्य मर्मत गर्नेबाहेक सबै खेल स्थान प्रतियोगिताका लागि तयारी भइसकेका छन्, कतिपय खेल सामग्री आइसकेका छन्, कति आउने क्रममा छन्", मुख्यमन्त्री शाहीले भन्नुभयो।

मुख्यमन्त्रीको अध्यक्षतामा बसेको सुरक्षा अधिकारीको बैठकले प्रतियोगितामा सुरक्षा कमजोरी हुन नदिन सुरक्षा तैनाथी बढाउने र सिसीटिभी क्यामेराबाट निगरानी गर्ने निर्णय गरेको छ। प्रतियोगिताको सुरक्षार्थ दुई हजार सुरक्षाकर्मी खटिनेछन्।

प्रतियोगितास्थल, मुख्य चोक तथा नगर क्षेत्रमा २०० भन्दा बढी सिसीटिभी क्यामेरा जडान गरिएका छन्। प्रतियोगितामा सहभागी हुन आउने खेलाडी, प्रशिक्षक, अतिथि तथा खेलप्रेमीलाई आवासको अप्ठ्यारो भोग्नु नपरोस् भनेर होटलमा पर्याप्त कोठाको व्यवस्था गरिएको छ।

प्रतियोगितालाई व्यवस्थित बनाउन राष्ट्रिय खेलकुद परिषद् ९राखेप० को सिङ्गो टोली सुर्खेतमा खटिएको छ। विभिन्न उपसमिति निर्माण गरेर तयारीका कामलाई तीव्र पारिएको दसौं राष्ट्रिय खेलकुद प्रचारप्रसार उपसमितिका संयोजक मोनालिसा खम्बुले जानकारी दिनुभयो।

यसअघि २०३८ सालमा काठमाडौंमा पहिलो, २०४० सालमा पोखरामा दोस्रो, २०४२ सालमा वीरगन्जमा तेस्रो, २०५५ सालमा नेपालगन्जमा चौथो, २०६५ मा काठमाडौंमा पाँचौं, २०६८ मा सुदूरपश्चिममा छैटौं, २०७३ मा पूर्वाञ्चलमा सातौं र २०७५र७६ मा लुम्बिनीमा आठौं राष्ट्रिय खेलकुद आयोजना भएको थियो।

एक हजार ३३७ पदकका लागि प्रतिस्पर्धा

प्रतियोगितामा कुल एक हजार ३३७ पदकका लागि प्रतिस्पर्धा हुँदैछ। राखेपका अनुसार ३८४ स्वर्ण, ३८४ रजत र ५६९ कास्य गरी कुल एक हजार ३३७ पदकका लागि प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताको औपचारिक उद्घाटनअगावै कतिपय खेल सञ्चालन हुने संयोजक खम्बुले जानकारी दिनुभयो। प्रतियोगिता उद्घाटनअघि विभिन्न १० खेल सञ्चालन हुनेछन्।

प्रतियोगितामा सात प्रदेशसहित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल ९एपिएफ० र एनआरएनए गरी ११ टोलीको सहभागिता रहने छ। दसौं राष्ट्रिय खेलकुदमा ३२ खेलका ३८४ 'इभेन्ट्स' समावेश छन्।

प्रत्येक टोलीबाट ३९४ महिला र ३४६ पुरुष गरी कुल ७४० खेलाडी सहभागी हुनेछन्। त्यस्तै, प्रत्येक टोलीबाट ८१ प्रशिक्षक र ४१ व्यवस्थापक रहनेछन्। राखेपले पदक विजेतालाई नगद पुरस्कार दिने व्यवस्था गरेको छ। जसमा व्यक्तिगततर्फ स्वर्ण जित्नेले २० हजार, रजतले १५ हजार र कास्य विजेताले आठ हजार रुपियाँ पाउनेछन्।

त्यसैगरी, टोली स्पर्धामा स्वर्ण पदक विजेताले १५ हजार, रजतले १० हजार र कास्यले आठ हजार रुपियाँ प्राप्त गर्नेछन्। प्रतियोगिताका लागि २५८ अन्तरराष्ट्रिय र ७७२ राष्ट्रिय निर्णायक रहनेछन्। त्यस्तै, ३४९ स्थानीय सहयोगी र खेल सङ्घका ९६ प्रतिनिधि पनि प्रतियोगितामा परिचालित हुने राखेपले जनाएको छ।

चार खेल लुम्बिनीमा

प्रतियोगिताका चार खेल लुम्बिनी प्रदेशमा सञ्चालन हुनेछन्। प्रतियोगिताअन्तर्गत बाँकेमा पौडी र सुटिङ तथा बर्दियामा खोखो र टेनिस खेल हुँदैछन्। ती खेल सञ्चालनका लागि आवश्यक पूर्वाधार मर्मत तथा व्यवस्थापन भइसकेको सावित मध्यपश्चिम क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख महेश चन्दले जानकारी दिनुभयो।

नेपालगन्ज रङ्गशालास्थित पौडी पोखरीमा पौडी र सुटिङ तथा बर्दियाको ठाकुरबाबा नगरपालिकाको भूरीगाउँस्थित कभर्ड हलमा खोखो र गुलरियास्थित कभर्ड हलमा टेनिस खेल हुनेछ। दसौं राष्ट्रिय खेलकुदको समापन भने यही मङ्सिर २७ गते सुर्खेतमा हुनेछ।-रासस

अष्टम साना किसान कृषि सहकारी संस्था लि.

राप्तीसोनारी ८ शमशेरगंज, बाँके

कर्जा बुझाउने बारे ७ दिने अत्यन्त जरुरी सुचना ।।।

सूचना प्रकाशित मिति :– २०८३/०८/७ गते

यस संस्थाका तपसिल बमोजिमका सदस्यहरूले उपभोग गर्नु भएको तपसिल बमोजिमका कर्जा संस्थाको शर्त कबुलियत बमोजिम बुझाउनु पर्ने साँवा व्याज दै–दस्तुर समेत बुझाउन आउन पटक पटक मौखिक , लिखित तथा फोन मार्फत अनुरोध गर्दा पनि नबुझाई बाँकी बक्यौता राखेको हुनाले यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र संस्थामा सर्म्पक राखी सम्पुर्ण बाँकी साँवा व्याज दै– दस्तुर बुझाउन ऋणी र धितो जमानी दिने समेतलाई यसै सूचना द्धारा सूचित गरिन्छ। उक्त ताकिएको म्याद भित्र बुझाउनु पर्ने सम्पुर्ण साँवा व्याज दै दस्तुर दाखिला नगरेमा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ को परिच्छेद १२ तथा यस संस्थाको ऋण लगानी तथा असुली कार्यविधि २०८० को परिच्छेद ८ अनुसार संस्थामा राखेको धितो लिलामी कार्वाही अधि बढाई बाँकी, सावा व्याज असूल उपर गरिने छ। यसबाट पनि बाँकी साँवा व्याज असूल उपर हुन नसके सहकारी ऐन नियामावली अनुसार ऋणीको जायजेथा चलअचल सम्पत्ति बाट लिलाम गरि वा अन्य प्रक्रियाबाट असूल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबै ऋणीलाई जानकारी गराईन्छ। साथै यसबाट पर्न गएको सामाजिक आँचमा संस्था जवाफदेही नहुने समेत जानकारी गराउँदछौ ।

क्र . स.	ऋणीको विवरण	जग्गा रहेको ठेगाना	लिलामहुने सम्पत्तिको विवरण	रोक्काविवरण
१.	ऋणीको नाम : दुजिया थरुनी बाबु/ पतिकोनाम : धनिराम थारु बाजे /ससुराको नामः पहाडी थारु जग्गा धनि : दुजिया थरुनी	बैजनाथ ८ टिटिहिरीया बाँके	टिटिहिरीया गा.बि.स. वडा नं.३ बाँके कि.नं. ५२८ र ११६७ क्षेत्रफल १६३७।१६ र १३४।४९ ब.मि. नक्सा सिट न.०३५०९६५ ,०३५०९६४	दृष्टि बन्धक
२	ऋणीको नाम : चन्द्रानी थारु बाबु/ पतिकोनाम : राम गोपाल थारु बाजे /ससुराको नामः माधो थारु जग्गा धनि : चन्द्रानी थारु	बैजनाथ ८ टिटिहिरीया बाँके	टिटिहिरीया गा.बि.स. वडा नं.५ बाँके कि.नं. ३६९ क्षेत्रफल १०३७।५० ब.मि. नक्सा सिट न.०३५०९६३	दृष्टि बन्धक
३	ऋणीको नाम : किस्मातुल भाँट बाबु/ पतिकोनाम : उमेद अलि भाँट बाजे /ससुराको नामः जोगी भाँट जग्गा धनि : किस्मातुल भाँट	बैजनाथ ८ टिटिहिरीया बाँके	टिटिहिरीया गा.बि.स. वडा नं.२ बाँके कि.नं. ६३ क्षेत्रफल ६२०।०० ब.मि. नक्सा सिट न.०३५०१००४	दृष्टि बन्धक
४	ऋणीको नाम :गँगा सुनार बाबु/ पतिकोनाम : लिले सुनार बाजे /ससुराको नाम : हिरे सुनार जग्गा धनि : गँगा सुनार	बैजनाथ ६ एच गाऊँ बाँके	बनकटवा गा.बि.स. वडा नं. ५ बाँके कि.नं.१०२७ र १०३२ क्षेत्रफल ३०४०।८४ र २२१।६६ ब.मि. नक्सा सिट न.०३५०९६७	दृष्टि बन्धक
५	ऋणीको नाम :धर्मकला पुनमगर बाबु/ पतिकोनाम : कृति बहादुर पुनमगर बाजे /ससुराको नाम : मन विर पुनमगर जग्गा धनि : आफै	कोहलपुर २ बनखेत बाँके	रझेना गा.बि.स. वडा नं. ४ बाँके कि.नं.२२३ क्षेत्रफल १६९।३० वर्गामिटर नक्सा सिट ४ घ	दृष्टि बन्धक
६.	ऋणीको नाम : माधवराम गडरिया बाबु/ पतिकोनाम : रोवन गडरिया बाजे /ससुराको नामः पराग गडरिया जग्गा धनि : कृष्ण कुमारी गडरिया	जानकी ६ गनापुर बाँके	जानकी गा.बि.स./न.पा.गनापुर वडा नं.७ बाँके कि.नं. २३८ र १९४ क्षेत्रफल ६७७.२६ र ११०० ब.मि. नक्सा सिट न.०३५११७३ र ०३५११७३	दृष्टि बन्धक
७	ऋणीको नाम : गिता कु बुढाथोकी बाबु/ पतिकोनाम : रामलाल बुढाथोकी बाजे /ससुराको नामःदिल बहादुर बुढाथोकी जग्गा धनि : नईनसरा बुढा	नेपालगंज उपमहानगर पालिका वडा न. २०,बाँके	गा.बि.स./न.पा.मनिकापुर वडा नं.४ बाँके कि.नं. ७७३ र ७७५ क्षेत्रफल ३००.३५ र ३८.२८ ब.मि. नक्सा सिट न.०३५१२१४/०३५१२१४	दृष्टि बन्धक
८	ऋणीको नाम : दुर्गा वि.सी. बाबु/ पतिकोनाम : रमेश वि.सी./लोक बहादुर बुढा बाजे /ससुराको नामः कर्ण बहादुर वि.सी. जग्गा धनि : दुर्गा वि.सी.	नेपालगंज उपमहानगर पालिका वडा न. २०,बाँके	जानकी गा.बि.स./न.पा.नेपालगंज नगरपालिका वडा नं.२० बाँके कि.नं. ७७९ क्षेत्रफल १६९३.१५ ब.मि. नक्सा सिट न.०३५१२१४	दृष्टि बन्धक

अष्टम सानाकिसान कृषि सहकारी संस्थालि .को कार्यालय राप्ती सोनारी गाँउपालिका वडा न ०८, शम्शेरगंज, बाँके

फोन ९८४८०२८१४१, ९८४८१७५९५१

जय सहकारी

नेपालगन्ज म्याराथनले खेल संस्कृतिको विकासमा नयाँ आगामी थपिरहेको छः भीम ओली

नेपालमा दौड संस्कृतिको विकास गर्दै एथलेटिक्समा नयाँ सफलता हासिल गर्न खोजिरहेका खेलाडीको लागि महत्वपुर्ण प्रतियोगिता बनिरहेको नेपालगन्ज म्याराथन आगामी मंसिर १२ गते आयोजना हुँदैछ। यस पटक नेपालगन्ज म्याराथनको तयारी र यसले समाजमा पारिरहेको प्रभाव बारेमा नेपालगन्ज म्याराथन आयोजक कमिटीका सदस्य एवम् लुम्बिनी प्रदेश खेलकुद परिषदका पुर्व सदस्य सचिव भीम ओलीसँग गरिएको संवाद।

१. नेपालगन्ज म्याराथनको १२ औं संस्करणको तयारी कस्तो भैरहेको छ ?

२०७२ साल मंसिर ५ गते देखि सुरु भएको नेपालगन्ज म्याराथनको पहिलो संस्करणबाट हासिल गरेका अनुभव र उपलब्धीलाई आत्मसाथ गर्दै १२औं संस्करण आमामी मंसिर १२ गते आयोजना गर्ने तयारी भैरहेको छ। तयारीको अन्तिम चरणमा हामी पुगिसकेको छौं।

२. अबको एक सातापछि हुन लागेको १२औं संस्करणमा के कस्ता नयाँ अभ्यास गरिदैछ ?

१२औं संस्करण सम्म आइपुग्दा आयोजनाको हिसाबले व्यवस्थापनलाई अझ बढी चुस्त र प्रभावकारी बनाउने प्रयास हुनेछ। नेपालगन्ज म्याराथनमा दौडने खेलाडीलाई सहजताको लागि नयाँ प्रविधिको पनि प्रयोग गरिरहेको छौं। खेलाडीलाई दिने पुरस्कार राशीमा यस वर्ष पनि केहि बृद्धि गर्ने योजना छ। हाम्रो निरन्तरको प्रयासले नेपालगन्ज म्याराथन एथ्लेटिक्सको अन्तराष्ट्रिय संस्था एम्सबाट मान्यता प्राप्त प्रतियोगिता बनिसकेको छ। जसले गर्दा नेपालगन्ज म्याराथन नेपालका धावकहरूको लागि आर्कषक प्रतियोगिता पनि बनिरहेको छ।

३. नेपालगन्ज म्याराथनमा खेलाडीको सहभागितालाई बढाउन के कस्ता कार्यहरूको गरिरहनु भएको छ ?

यस पटक हामी म्याराथनमा सहभागि हुने खेलाडीको संख्या बढाउने प्रयास गरिरहेको छौं। पछिल्ला संस्करणमा हामीले व्यवस्थापन र म्याराथनसँग जोडिएका अन्य कार्यक्रमहरू पनि आयोजना गरिरहेको छौं। त्यसले गर्दा नेपालगन्ज म्याराथनमा खेलाडीको सहभागिता बढिरहेको छ। यसपटक मंसिर ५ गते सम्म खेलाडीहरूलाई दर्ताको लागि समय अवधि दिइएको छ। नेपालगन्ज म्याराथनको दौडने रुट पनि राम्रो भएकोले खेलाडीलाई आफनो व्यक्तिगत रेकर्ड ब्रेक गर्न सहज हुने गरेको छ। नेपालगन्ज म्याराथन एम्सको मान्यता प्राप्त गरेको प्रतियोगिता भएकोले खेलाडीलाई अन्तराष्ट्रिय स्तरका प्रतियोगतामा सहभागिताको लागि सहज र अवसर मिल्ने गरेको छ। त्यसले पनि खेलाडीको आर्कषण बढाईरहेको छ।



भीम ओली
नेपालगन्ज म्याराथन आयोजक कमिटीका सदस्य

४. नेपालगन्ज म्याराथनको १२औं संस्करण सम्म आइपुग्दा यसले पश्चिम नेपालको खेल संस्कृतिमा कस्तो प्रभाव पारेको अनुभव गर्नु भएको छ ?

नेपालगन्ज म्याराथनलाई हामीले एउटा दौड प्रतियोगिताको रूपमा मात्र लिएको छैनौं। यसलाई खेल पर्यटनसँग जोडेर अगाडी बढाउने प्रयास गरेको छौं। नेपालगन्ज, अथवा बाँकेलाई चिनाउने कुरा, लुम्बिनी र देशकै प्रतिनिधित्व गरेर अगाडी बढाउने कार्यहरू भैरहेको छ। समाजका हरेक क्षेत्रका मानिससँग सहकार्य गरेर अगाडी बढिरहेको छौं। आयोजनाको हिसाबले विगतको भन्दा अझ भव्य रूपमा प्रतियोगिता हुनेछ। यो प्रतियोगितालाई सहयोग पुग्ने गरी भगिनी अर्थात सहायक प्रतियोगिताहरू जस्तै गौघाट ग्रीन रन, राप्तीसोनारी नेचर रन, कोहलपुर वान माईल रेस, नेपालगन्ज रात्रीकालिन दौडहरू आयोजना हुँदै आएका छन्। यसले गर्दा पनि म्याराथनमा सहभागि हुने खेलाडीको संख्या बढने हाम्रो विश्वास रहेको छ।

५. एम्सको मान्यता प्राप्त गरेपछि नेपालगन्ज म्याराथनमा कस्तो प्रभाव परेको छ ?

स्थानीय रूपले मात्र होइन अन्तराष्ट्रिय स्तरमा पनि नेपालगन्ज म्याराथनको प्रभाव बढिरहेको छ। हाम्रो गतिविधिका कारण नेपालगन्ज म्याराथनले अन्तराष्ट्रिय स्तरको अवार्ड पनि पाईसकेको छ। यसको व्यवस्थापन, उद्देश्यका कारण पनि राम्रो प्रभाव परेको छ।

६.आगामी साता १२औं संस्करण आयोजना गरिरहँदा कस्ता चुनौति छन् आयोजकसामु ?

नेपालगन्ज म्याराथनलाई खेल पर्यटनसँग जोडन अझै धेरै काम गर्न बाँकी छन्। म्याराथनलाई उत्सवको खेलको रूपमा स्थापित गराउनु छ। दौडलाई पर्वको रूपमा बनाउनु छ। हरेक उमेर समुह र वर्गका मानिसको सहभागिता बढाउँदै लग्नु पर्ने चुनौति छन्। धेरै भन्दा धेरै नागरिकको सहभागिता गराउनु छ। धावकहरूको सहभागिता बढाउनु पर्नेछ। स्थानीय निकाय, खेलप्रेमीहरूले यसलाई सहयोग गर्दै आउनु भएको छ। आम नागरिकलाई दौड संस्कृतिको बारेमा बुझाउनु पर्ने चुनौती अझै हाम्रो सामु छन। चुनौतिको पनि सामना गरिरहेका छौं भने नेपालगन्ज म्याराथनलाई सहज र सरल ढंगले आयोजना गर्ने पनि प्रयास गरिरहेको छौं।

युएईमाथि नेपालको रवाफिलो जित



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ६ मंसिर

कुशल भुर्तेलले ब्याट र बल दुवैबाट उत्कृष्ट प्रदर्शन गरेपछि नेपालले एसिया कप राइजिङ स्टार्स प्रतियोगितामा आइतबार संयुक्त अरब इमिरेट्स (युएई)लाई ६ विकेटले हराउँदै पहिलो खेलमा भारतसँग भोगेको लज्जाजनक हारको घाउमा मल्हम लगाएको छ।

पहिलो इनिङमा ३ विकेट लिएका भुर्तेलले ब्याट्बाट अर्धसतकीय इनिङ खेलेपछि कतारको दोहास्थित युनिभर्सिटी अफ दोहा फर साइन्स एण्ड टेक्नोलोजीको मैदानमा युएईले दिएको १२२ रनको लक्ष्य नेपालले २२ ओभरमा ४ विकेट गुमाउँदै १२३ रन बनाएर पूरा गरेको थियो।

५६ बल सामना गरेका ओपनिङ ब्याटर भुर्तेलले ६ चौका र १ छक्कासहित सर्वाधिक ५७ रनको योगदान गरेका थिए। चौथो विकेटका लागि भुर्तेलले बसिर अहमदसँग ४३ रनको साझेदारी गरे।

८ रनमै २ विकेट गुमाइसकेको नेपालको इनिङ उकास्न तेस्रो विकेटका लागि भुर्तेलले र मायन यादवसँग ६१ रनको साझेदारी गरेका थिए। मायनले २८ बलमा ४ चौका र १ छक्कासहित २७ रनको योगदान गरे। बसिरले ३१ बलमा १८ रन बनाएका थिए। भुर्तेल आउट भएपछि आएका पवन सर्राफले ९ बलमा २ चौकासहित ९ रनको योगदान गरे।

युएईका मुहमद मोहसिनले २ विकेट लिँदा उदिस सुरी र अंश टण्डनले १/१ विकेटमा नाम लेखाए।

लक्ष्य पछ्याउने क्रममा नेपालले सुरुमै दुई झट्का बेहोर्नुपरेको थियो। दोस्रो ओभरमा ८ रन बनाउँदा नेपालले लगातारका बलमा दुई विकेट गुमाएको थियो। दोस्रो ओभरको पाँचौं र छैटौं बलमा मुहमाद मोहसिनले नेपालका अर्जुन कुमाल र देव खनाललाई पवेलियनको बाटो देखाएका थिए।

५ रन बनाएका कुमाल र खाता खोल्नै नपाएका देव दुवैलाई मोहसिनले विकेटविकर आफ्ताब आलमबाट स्टम्पिङ गराएका थिए।

त्यसअघि टस जितेर फिल्डिङ राजेका कप्तान सन्दीप लामिछानेले बलिङ आक्रमणको नेतृत्व गर्ने क्रममा १० ओभर बलिङ गर्दै १.१० को इकोनोमीमा २४ रन दिँदै ३ विकेट लिए। ३ ओभर मेडन राखेका सन्दीपले १० ओभरमा कुल ११ रन मात्र दिएका थिए।

कुशल भुर्तेलले ३ तथा ललित राजवंशी, नन्दन यादव र रसिद खानले थप १-१ विकेट लिएपछि युएईले ३९.५ ओभरमा १२१ रन बनाउँदा सबै विकेट गुमाइसकेको थियो। कुशलले ५ ओभरमा २ मेडन राख्दै १५ रन खर्चेका थिए।

युएईका लागि मोहम्मद शाहदादले बनाएको ४० रन सबभन्दा ठूलो व्यक्तिगत स्कोर थियो। साहदादले कुशल भुर्तेलको बलमा नन्दन यादवबाट समातिनुअघि ७० बल खेल्दै ५ चौकाको मद्दतमा उक्त योगफल तयार गरेका थिए।

टोलीका लागि हरप्रित सिंहले ३२ रनको योगदान गरे। ४८ बलमा ४ चौका प्रहार गरेका हरप्रितलाई नेपाली कप्तान सन्दीपले अर्जुन कुमालको हातबाट क्याच गराएर पवेलियनको बाटो देखाएका थिए।

नेपाली बलरको प्रदर्शन प्रभावशाली रहँदा युएईका लागि शाहदाद र हरप्रितबाहेक दोहोरो अंकमा स्कोर गर्ने एकमात्र खेलाडी नूरुल्लाह अयोबी थिए। नुरुल्लाहले कुशल भुर्तेलको बलमा रसिद खानबाट क्याच हुनुअघि २४ बलमा १ छक्कासहित १२ रन बनाएका थिए।

समूह 'बी' मा रहेको नेपालले शुक्रबार भारत 'ए' सँगको खेलमा ३०६ रनको लज्जाजनक हार भोगेको थियो। भारतसँगको खेलमा पनि नेपालले टस जितेर फिल्डिङ रोजेको थियो।

समूह 'बी' मा नेपालसँगै भारत र पाकिस्तानका 'ए' टिम छन् भने युएइको सिनियर टिम छ।

भारतसँग पहिलो खेलमा नेपाल ३०६ रनले पराजित हुँदा ३३३ रनको लक्ष्य पछ्याउने क्रममा ११.३ ओभरमा २६ रन बनाउँदा सबै विकेट गुमाइसकेको थियो।

नेपालले अब पाकिस्तानसँग तेस्रो खेल मंगलबार खेल्नेछ। पाकिस्तान र युएईबीचको पहिलो खेलमा पाकिस्तान ६१ रनले विजयी भएको थियो।



कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११५८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।